राष्ट्रको सञ्चार
नेपाल टेलिकम

# Telecom Newsletter

नेपाल दूरसञ्चार कं.लि., भद्रकालीप्लाजा, काठमाडौं




Monthly Publication

Volume 24, Issue 8 No. 173 Nepal Telecom (Nepal Doorsanchar Co.Ltd.) Falgun 2081 (February/March-2025)

# आ.व. २०८१/८२ को भौतिक तथा वित्तीय प्रगतिको अर्धवार्षिक बजेट समीक्षा सम्पन्न

नेपाल टेलिकमका प्रबन्ध निर्देशक संगीता पहाडी (अर्याल)ले सम्पूर्ण कर्मचारीले कम्पनीका सारथी हामी नै हौं भन्ने भावना विकसित गरेर एकजुट भई कम्पनीको निर्धारित लक्ष्य प्राप्तिमा लाग्नुपर्ने बताउनु भएको छ ।



यही फागुन ११ र १२ गते केन्द्रीय कार्यालयमा आयोजित कम्पनीको आर्थिक वर्ष २०८१/८२ को स्वीकृत कार्यक्रम तथा बजेटको भौतिक तथा वित्तीय प्रगतिको अर्ध वार्षिक समीक्षा कार्यक्रममा बोल्दै उहाँले प्रादेशिक निर्देशनालय तथा सहयोगी इकाइहरुबाट प्राप्त समीक्षात्मक टिप्पणी मनन गर्दा केही Logistic issue हरु देखिएको र यसलाई सम्बोधन गर्दै कम्पनी अगाडि बढिरहेको उल्लेख गर्दै सुधार गर्नुपर्ने पक्षलाई अवलम्बन गरेर नतिजामुखी कार्यसम्पादनका लागि कार्यशैलीमा समेत परिमार्जन गर्न आग्रह गर्नुभयो । समीक्षा कार्यक्रममा प्रबन्ध निर्देशक पहाडीले प्रादेशिक निर्देशनालय, सहयोगी इकाइ एवम् व्यापारिक तथा कर्पोरेट इकाइका प्रमुखहरुलाई Supply Chain Management को राम्रो व्यवस्थापन गर्दै कार्य गर्न निर्देशन दिनुका साथै 'Every Manager is HR Manager and Leader Also' भन्ने भनाइलाई विचार गर्दै आफ्ना मातहतका कर्मचारीलाई उत्प्रेरित तवरले परिचालन गर्न समेत आग्रह गर्नुभयो ।

कार्यक्रममा प्रमुख वित्तीय अधिकृत राजेन्द्र अर्यालले अर्धवार्षिक भौतिक तथा वित्तीय कार्य प्रगति विवरण प्रस्तुत गर्दै खर्चमा मितव्ययिता अपनाएर आक्रामक रुपमा Door-to-Door Marketing गर्नुपर्ने बताउनु भयो । ग्राहकका प्राथमिकतालाई ध्यानमा राखी Package हरु उपलब्ध गराउनुपर्ने, कम्पनीमा रहेका Optical Lease, Duct Fiber, Bandwidth जस्ता पूर्वाधारहरुको सहप्रयोग गरी खर्च न्यूनीकरण गर्ने, ग्राहकलाई 7*7*365 अवधारणामा सेवा प्रदान गर्नुपर्ने र मर्मत सम्भारको सुनिश्चितता गर्नुपर्ने बताउँदै उहाँले सोचेअनुरुप राजस्व वृद्धि हुन नसकेको सन्दर्भमा राजस्व वृद्धिका योजनाहरु, खर्च वृद्धिका कारणहरु र सोको समाधानका उपायहरुका साथै



(बाँकी पृष्ठ ४ मा)

# नेपाल टेलिकमको ब्रान्ड एम्बेसडरमा स्वस्तिमा खड्का नियुक्त

नेपाल टेलिकमले कलाकारिताको क्षेत्रमा विशिष्ठ पहिचान बनाई नेपालकै अत्यधिक सफल अभिनेत्रीको रुपमा चिनिनु भएकी चलचित्रकर्मी स्वस्तिमा खड्कालाई कम्पनीको "ब्रान्ड एम्बेसडर" नियुक्त गरेको छ । नेपाल टेलिकमको केन्द्रीय कार्यालयमा यही फागुन १९ गते आयोजित एक कार्यक्रममा सो सम्बन्धी सम्झौता पत्रमा हस्ताक्षर भएको हो ।

सम्झौता पत्रमा नेपाल टेलिकमको तर्फबाट प्रबन्ध निर्देशक संगीता पहाडी (अर्याल) का साथै कलाकार स्वस्तिमा खड्काले हस्ताक्षर गर्नुभयो ।

सो अवसरमा नेपाल टेलिकमका प्रबन्ध निर्देशक संगीता पहाडी (अर्याल)ले नेपाली चलचित्र क्षेत्रको ख्यातिप्राप्त कलाकारसँगको सहकार्यले कम्पनीका सेवाहरुको प्रबर्धन एवम् बजारीकरण कार्यमा सहयोग पुग्ने बिश्वास व्यक्त गर्दै कम्पनीसँग आवद्धता तथा सहकार्यका लागि अभिनेत्री खड्काप्रति आभार प्रकट गर्नुभयो ।

कम्पनीका प्रमुख प्राविधिक अधिकृत, प्रमुख सञ्चालन अधिकृत,

(बाँकी पृष्ठ २ मा)



# डिलर तथा ग्राहकहरू सम्मानित

नेपाल टेलिकमले आफ्नो एक्काइसौं वार्षिकोत्सवको अवसरमा विभिन्न डिलर तथा ग्राहकहरुलाई सम्मान गरेको छ । त्यसैगरी उत्कृष्ट कार्यसम्पादन गर्ने कार्यालयहरुलाई समेत कम्पनीले पुरस्कृत गरेको छ । वार्षिकोत्सवको अवसरमा प्रमुख अतिथि सञ्चार तथा सूचना प्रविधि मन्त्री पृथ्वीसुब्बा गुरुङबाट उहाँहरुलाई सम्मानित गरिएको थियो ।




सो अवसरमा २०८० माघ ०१ गतेदेखि २०८१ पौष मसान्तसम्ममा रिचार्ज सेवातर्फ तोकिएको लक्ष्य पूरा गरी सबैभन्दा बढी रकमको कारोबार गर्ने प्रत्येक बिक्री केन्द्रका ८ डिलर र MPoS रिचार्ज सेवाको सबैभन्दा बढी कारोबार गर्ने एकजना डिलरलाई सम्मानित गरिएको थियो । उहाँहरुलाई कलात्मक हस्तकला सामग्री उपहार र कदरपत्र दिई सम्मान गरिएको थियो । त्यसैगरी निजहरुले प्रयोग गर्ने नेपाल टेलिकमको मोबाइलमा एक बर्षसम्म मासिक रु.१४९९ दरको (पोष्टपेडमा रेन्टल समावेश भएको) सजिलो अनलिमिटेड प्याक उपलब्ध गराइएको छ ।

यसरी सम्मानित हुनेमा रिचार्ज कार्डतर्फ प्रादेशिक निर्देशनालय काठमाडौं अन्तर्गत मोविटेक ट्रेड इन्टरनेसनल प्रा.लि., काठमाडौं र वायरलेस सेवा निर्देशनालय अन्तर्गत MPoS रिचार्ज सेवातर्फ एफवान सफ्ट इन्टरनेसनल प्रा.लि., काठमाडौं रहेका छन् । उक्त डिलरहरुलाई केन्द्रीय कार्यालयमा आयोजित समारोहमा सम्मानित गरिएको थियो ।

सोही अवसरमा अन्य निर्देशनालयहरुमा आयोजित कार्यक्रममा समेत निर्देशनालय अन्तर्गत पुरस्कृत हुने डिलरहरुलाई सम्मानित गरिएको थियो । रिचार्जकार्डका डिलरतर्फ प्रादेशिक निर्देशनालय विराटनगर, सुर्खेत र उप प्रादेशिक निर्देशनालय नेपालगञ्ज अन्तर्गत ग्यालेक्सी इन्टरनेसनल ट्रेड सेन्टर प्रा.लि., बाँके सम्मानित भएको थियो भने प्रादेशिक निर्देशनालय वीरगञ्ज अन्तर्गत भी सोलुसन्स प्रा.लि., ललितपुर, प्रादेशिक निर्देशनालय भैरहवा अन्तर्गत रुद्रप्रिया इन्टर नेसनल प्रा.लि., बाँके, प्रादेशिक निर्देशनालय पोखरा अन्तर्गत क्यास पे प्रा.लि., काठमाडौं र प्रादेशिक निर्देशनालय अत्तरिया अन्तर्गत केदार मोबाइल हाउस, कैलाली सम्मानित भएका थिए ।



यसैगरी नेपाल टेलिकमका विभिन्न सेवामा उच्च बिल भुक्तानी गर्ने ग्राहकहरुलाई समेत सम्मान गरिएको छ । यस अन्तर्गत २०८० साल माघ १ गते देखि २०८१ साल पौष मसान्तसम्म कम्पनीका पोस्टपेड र प्रिपेड सेवा तर्फ सर्वाधिक (बाँकी पृष्ठ ४ मा)

# नेपाल टेलिकम मिस नेवा: ११४५ सम्पन्न



नेपाल टेलिकम मुख्य प्रायोजकका रुपमा रहेको नेपाल टेलिकम मिस नेवा: ११४५ सम्पन्न भएको छ । गत फागुन ४ गते प्रज्ञा भवन कमलादीमा सम्पन्न भएको उक्त कार्यक्रममा नेपाल टेलिकम मिस नेवा: ११४५ को उपाधि ललितपुर महानगरपालिका १६ की प्रलिशा शाक्यले जितेकी हुन् ।

देशभरका विभिन्न जिल्लाहरुबाट सहभागी भएका २० जना प्रतिस्पर्धीहरुबिच सम्पन्न उक्त प्रतियोगिताको फस्ट रनर्स अपको उपाधि चन्द्रागिरी नगरपालिकाकी लुनिभा मानन्धरले जितिन् भने सेकेण्ड रनर्स अपको उपाधि काठमाडौं महानगरपालिकाकी लुमना महर्जनले हात पारिन् ।

नेप्लिज फेसन होमको आयोजनामा सम्पन्न १८ औं संस्करणको मिस नेवा: ११४५ मा नेपाल टेलिकम Title Sponsor को रुपमा रहेको थियो । उक्त प्रतियोगितामा मिस ट्यालेन्ट, सोसल वेलफेयर एम्बेसडर चिफ, मिस सोसल वेलफेयर, मिस डिसिप्लिन, मिस कल्चर, मिस कन्फिडेन्ट, मिस पर्सनालिटी, मिस फोटोजेनिक, मिस चार्मिङ लगायतका करिब १५ फरक फरक विधाका विजेताहरुको समेत घोषणा गरिएको थियो । नेपाल टेलिकमका प्रबन्धक गंगा सागर मातन्छेले उक्त प्रतियोगिताका विभिन्न विधाका विजेताहरुलाई पुरस्कार तथा प्रमाणपत्र प्रदान गर्नुभएको थियो ।

## नेपाल टेलिकमको...

(पृष्ठ १ को बाँकी)

प्रमुख मानव संसाधन अधिकृत, प्रमुख व्यावसायिक अधिकृत, प्रमुख वित्तिय अधिकृत, कम्पनी सचिव तथा प्रबन्ध निर्देशकको कार्यालय एवम् प्रमुख व्यावसायिक अधिकृतको कार्यालयका प्रबन्धक लगायतको उपस्थितिमा सम्पन्न उक्त कार्यक्रममा ब्रान्ड एम्बेसडर स्वस्तिमा खड्काले नेपाल टेलिकम जस्तो गरिमामय एवम् सुपरिचित संस्थासँग आवद्ध हुन पाउँदा खुशी व्यक्त गर्नुभयो । उहाँले ब्रान्ड एम्बेसडरको रुपमा कम्पनीको हित अभिवृद्धि हुने गरी कार्यगर्ने प्रतिवद्धता समेत व्यक्त गर्नुभयो ।

यस सम्झौतापछि ब्रान्ड एम्बेसडरले नेपाल टेलिकमका सेवाहरुको प्रचारप्रसार, व्यापार प्रवर्द्धन तथा ब्राण्ड संरक्षण सम्बन्धि कार्यहरु गर्नुहुनेछ । हाल एक वर्षको लागि सम्झौता सम्पन्न भएको र दुवै पक्षको आपसी सहमतिमा सम्झौताको अवधि थप गर्न सकिने व्यवस्था समेत सम्झौतापत्रमा उल्लेख रहेको छ ।

नेपालको कलाकारिता क्षेत्रमा सफल तथा लोकप्रिय अभिनेत्रीको पहिचान बनाउन सफल ब्रान्ड एम्बेसडरको संलग्नताबाट ग्राहकवर्गलाई कम्पनीका सेवासुविधा सम्बन्धमा सहज रुपले जानकारी प्रदान गर्न सकिने र आफ्ना सेवाहरुको प्रवर्द्धन मार्फत सशक्त रुपमा जनता समक्ष सेवा विस्तार गर्ने कार्यमा समेत सहयोग मिल्ने अपेक्षा गरिएको छ ।

# अन्तरक्रिया कार्यक्रम सम्पन्न

नेपाल टेलिकम प्रादेशिक निर्देशनालय भैरहवा, लुम्बिनी प्रदेशको आयोजनामा 'NT Corporate Services जानकारी तथा प्रस्ताव सम्बन्धी अन्तरक्रियात्मक कार्यक्रम सम्पन्न भएको छ । गत फागुन ४ गते रुपन्देही जिल्लाको मणिग्राम स्थित तिलोत्तमा नगरपालिकाको सभाहलमा उक्त कार्यक्रम सम्पन्न भएको हो ।




प्रादेशिक निर्देशनालयका निमित्त निर्देशक उज्ज्वल पोखरेलको अध्यक्षतामा सम्पन्न उक्त कार्यक्रममा कम्पनीले प्रदान गर्दै आएका विभिन्न सेवाहरु, सेवा प्रयोगका लागि भुक्तानी गर्नुपर्ने शुल्क वा महसुल तथा सेवा मर्मत सम्भार सम्बन्धी व्यवस्थाका बिषयहरु समेत समेटिएको थियो । कार्यक्रममा खासगरी कम्पनीले प्रदान गर्ने कर्पोरेट सेवाहरु NTFTTH, Lease Line तथा GSM CUG सेवालाई तिलोत्तमा नगरपालिका र सो पालिकाका सबै स्थानीय तहसँग जोड्न तयार पारिएको प्रस्तावलाई निर्देशनालयका बरिष्ठ इन्जिनियर बन्दी श्रेष्ठले प्रस्तुत गर्नुभएको थियो भने कार्यक्रममा उठेका प्रश्न तथा जिज्ञासाहरुको सम्बोधन बरिष्ठ इन्जिनियर वरुण ढकालले गर्नुभएको थियो ।

सो अवसरमा दूरसञ्चार कार्यालय भैरहवाका कार्यालय प्रमुख प्रेम राज ढुंगाना तथा दूरसञ्चार कार्यालय मंगलापुरका कार्यालय प्रमुख शंकर बि.क.ले मन्तव्य राख्दै नगरपालिका प्रमुखलाई ढुक्कसँग कम्पनीका सेवाहरु प्रयोग गर्न अनुरोध गर्नुका साथै सेवाको मर्मत सम्भारका लागि बिशेष प्राथमिकताका



साथ सेवा प्रदान गर्न आफू प्रतिवद्ध रहेको समेत बताउनुभयो ।

प्रादेशिक निर्देशनालय भैरहवाका सहायक प्रशासकीय अधिकृत सीता सुवेदीले सञ्चालन गर्नुभएको कार्यक्रममा प्रमुख अतिथिको रुपमा तिलोत्तमा नगरपालिकाका नगर प्रमुख रामकृष्ण खाँडले सम्बोधन गर्नुभएको थियो भने नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत नारायण प्रसाद अर्यालले राष्ट्रको गौरवको रुपमा रहेको संस्था नेपाल टेलिकमसँग G2G को अवधारणा अनुरुप आफूहरु जोडिन इच्छुक रहेको र त्यसका लागि पहल गर्ने प्रतिवद्धता व्यक्त गर्नुभयो ।

# T-20 Cricket Tournament 2081 सम्पन्न



नेपाल टेलिकमले आफ्नो स्थापनाको २१औं वार्षिकोत्सवको अवसरमा कम्पनीका कर्मचारीहरु बिच आयोजित 21st Anniversary Cup T-20 Cricket Tournament 2081 सम्पन्न गरेको छ । नेपाल टेलिकम, अतिरिक्त क्रियाकलाप समितिद्वारा आयोजित प्रतियोगिता काठमाडौंको धुम्बाराहीस्थित पाकिस्तानी राजदुतावासको क्रिकेट ग्राउन्डमा सम्पन्न भएको हो । यही फागुन १४ देखि कम्पनीका प्रबन्ध निर्देशक संगीता पहाडी (अर्याल) द्वारा शुभारम्भ गरिएको उक्त टुर्नामेन्ट फागुन १६ गते समापन भएको थियो । सो प्रतियोगितामा रुबेश शर्माको कप्तानी रहेको फोरजी रोयल्स, बिनोद रिमालको कप्तानी रहेको एफटीटीएच वारियर्स, अमित राज सत्यालको कप्तानी रहेको आईटी राइडर्स र विकास यादवको कप्तानी रहेको सेन्ट्रल जायन्ट्स गरी चार टिमबिच प्रतिस्पर्धा भएको थियो । फाइनलमा आईटी राइडर्सले एफटीटीएच वारियर्सलाई हराउँदै ट्रफी हात पार्न सफल भयो ।

प्रतियोगितामा प्लेयर अफ द सिरिजको उपाधि आईटी राइडर्सका हरि कृष्णन के. शर्माले जित्न सफल भए । त्यसैगरी एफटीटीएच वारियर्सका ऋत्विक तिवारी बेस्ट बलर घोषित भए भने एफटीटीएच वारियर्सकै विनोद रिमालले बेस्ट ब्याट्सम्यानको उपाधि हात पारे । सेन्ट्रल जायन्ट्सका गुड्डु कुमार थापा बेस्ट फिल्डर घोषित भएका थिए ।

कार्यक्रम समापन तथा पुरस्कार वितरण समारोहमा नेपाल टेलिकमका प्रबन्ध निर्देशक संगीता पहाडी (अर्याल) ले विजेता र रनर अप टिमका खेलाडीहरुलाई ट्रफी र मेडल प्रदान गर्नुभयो । त्यसैगरी प्रमुख सञ्चालन अधिकृत सबिना



मास्के (प्रधान), प्रमुख मानव संसाधन अधिकृत सुरज सिंह थापा, प्रमुख व्यावसायिक अधिकृत डिल्लीराम अधिकारी, वायरलेस सेवा निर्देशनालयका निर्देशक प्रेम प्रसाद सिलवाल, प्रमुख व्यावसायिक अधिकृतको कार्यालयका प्रबन्धक हरि ढकाल तथा उप प्रबन्धक नविन कुमार मिश्रले विभिन्न बिधामा उत्कृष्ट खेलाडीहरुलाई मेडल प्रदान गर्नुभएको थियो । यसका साथै म्याच अफिसियल तथा इभेन्ट म्यानेजरलाई नेपाल टेलिकमको तर्फबाट टोकन अफ लभ समेत प्रदान गरिएको थियो ।

सो अवसरमा प्रबन्ध निर्देशक पहाडीले खेलकुदले कर्मचारीहरुलाई शारीरिक तथा मानसिक रुपमा बलियो बनाउने र कर्मचारीको कार्यसम्पादनमा समेत सकारात्मक प्रभाव पार्ने बताउँदै यसबाट उत्पादकत्व अभिवृद्धि गर्न सहयोग पुग्ने भएकाले नेपाल टेलिकमले कर्मचारीहरुका लागि अतिरिक्त क्रियाकलापका कार्यक्रमहरु आयोजना गरेको बताउनु भयो ।

अतिरिक्त क्रियाकलाप समिति सदस्य बृजेश शर्माको संयोजकत्वमा सम्पन्न प्रतियोगिताको व्यवस्थापनको जिम्मा हिमालय स्पोर्ट्स म्यानेजमेन्ट प्रा.लि.ले लिएको थियो ।

# अछामको पञ्चदेवल विनायक तथा जाजरकोटको नलगाडमा 4G सेवा सञ्चालन




सुदूरपश्चिम प्रदेश अन्तर्गत अछाम जिल्लाको पञ्चदेवल विनायक नगरपालिका वडा नं. ९ मा नेपाल टेलिकमले BTS टावर सञ्चालनमा ल्याई 4G तथा 2G सेवाको सुरुवात गरेको छ । गत फागुन १३ गतेबाट 4G तथा 2G सेवाको सुरुवात भएसँगै पञ्चदेवल विनायक नगरपालिका अन्तर्गतका वडा नं. ९ का भाटगाउँ, कालेकाँडा, चिलतडा, तामकोट र बुढागाढा लगायतका क्षेत्रका बासिन्दाहरु पहिलोपटक नेपाल टेलिकमको सेवाबाट लाभान्वित भएका छन् । यसका साथै सोही टावरबाट दैलेख जिल्लाको आठबिस नगरपालिका वडा नं. ४ र ६ का खिडकिज्युला बजार, राताटाडु, मलाचौर र दैखोला लगायतका क्षेत्रमा समेत सेवाग्राहीहरू 4G तथा 2G सेवाबाट लाभान्वित भएका छन् ।

यसैगरी गत फागुन ५ गतेबाट कर्णाली प्रदेशको जाजरकोट जिल्लाको नलगाड नगरपालिका-१०, ध्यारगाउँमा पनि नेपाल टेलिकमले 4G र 2G सेवा सञ्चालनमा ल्याएको छ । सेवा सञ्चालनमा आए पश्चात् नलगाड नगरपालिका अन्तर्गतका वडा नं. ९, १० र ११ का वडा कार्यालय क्षेत्र तथा रावतगाउँ, ध्यारगाउँ, चौखा, बानियागाउँ, दम्का, रजिका लगायतका अधिकांश क्षेत्रहरूमा सेवाग्राहीहरूले पहिलो पटक 4G तथा 2G सेवाबाट लाभान्वित भएका छन् ।

नेपाल टेलिकमले आर्थिक लाभको पक्षलाई नहेरी दुर्गम तथा विकट पहाडी भेगहरुमा समेत संस्थाको परिकल्पना बमोजिम सस्तो र भरपर्दो दूरसञ्चार सेवाहरु सर्वसुलभ रुपमा सबैलाई उपलब्ध गराई सेवाग्राहीलाई सञ्चारको सहज पहुँचमा ल्याउनका लागि निरन्तर नयाँ नयाँ स्थानहरुमा सेवा सञ्चालन गर्दै आइरहेको छ ।




## डिलर तथा ...

(पृष्ठ २ को बाँकी)

महसुल भुक्तानी गर्ने १/१ गरी २ जना, SIP PBX प्रयोगका आधारमा सर्वाधिक बिल भुक्तानी गर्ने १ जना, CUG प्रयोग गर्ने ग्राहक संख्याका आधारमा (सरकारी र गैह्र सरकारीतर्फ) २ जना र Lease Line महसुल भुक्तानीका आधारमा (सरकारी र गैह्र सरकारीतर्फ) २ जना गरी अधिकतम सेवा प्रयोग एवम् उच्च बिल भुक्तानी गर्ने जम्मा ७ जना ग्राहकहरुलाई एक बर्षसम्म मासिक १४९९ दरको (पोष्टपेडमा रेन्टल समावेश भएको) सजिलो अनलिमिटेड प्याकेज उपलब्ध गराउनुका साथै १ थान हस्तकला सामग्री तथा कदरपत्र सहित सम्मान गरिएको थियो ।

यसरी सम्मानित हुनेहरुमा पोस्टपेड मोबाइलतर्फ हिम इलेक्ट्रोनिक्स प्रा.लि., काठमाडौं तथा प्रिपेड मोबाइलतर्फ कारागार व्यवस्थापन विभाग, काठमाडौं रहेका छन् । साथै SIP PBX तर्फ वर्ल्डलिंक कम्युनिकेसन लि., ललितपुर, लिज लाइन सेवा सरकारी निकायतर्फ काठमाडौं महानगरपालिका र लिज लाइन सेवा निजीतर्फ सानिमा बैंक, काठमाडौं पुरस्कृत भएका छन् । यसैगरी CUG सेवा अन्तर्गत सरकारीतर्फ सबैभन्दा बढी ग्राहक उपलब्ध गराएकोमा नेपाल प्रहरी, नक्साल र गैह्र सरकारीतर्फ सिद्धार्थ बैंक लिमिटेड, काठमाडौं पुरस्कृत भएका छन् ।

वार्षिकोत्सवकै अवसरमा यस कम्पनीसँग समझदारी गरी नगरपालिका कार्यालय, वडा कार्यालयहरु, स्वास्थ्य चौकीहरु एवम् नगरपालिका भित्रका सार्वजनिक स्थलहरुमा कम्पनीको लिजलाइन, FTTH(NTFiber) Wifi-Hotspot Connectivity, CCTV Connectivity लगायतका सेवा प्रयोग गरेवापत चन्द्रागिरी नगरपालिका, वलम्बुलाई विशेष सम्मान प्रदान गरिएको थियो ।

यसका साथै २०८० माघ १ गते देखि २०८१ पौष मसान्तसम्ममा १९८ मा रजिष्टर भएका मर्मतका गुनासाहरुमध्ये सोही दिन लाइन मर्मत गरी Complain Clear गरेको प्रतिशतको आधारमा प्रत्येक प्रादेशिक निर्देशनालयबाट १/१ गरी ७ वटा लेखा तथा अन्तर्गतका कार्यालयहरुलाई हस्तकला सामग्री तथा कदरपत्र प्रदान गरी सम्मान गरिएको थियो । केन्द्रीय कार्यालयमा आयोजित वार्षिकोत्सव कार्यक्रममा प्रादेशिक निर्देशनालय काठमाडौं अन्तर्गत सोही दिन ९४.८१ प्रतिशत Complain Clear गरी दूरसञ्चार कार्यालय, नक्साल सम्मानित भएको छ । त्यसैगरी सम्बन्धीत प्रादेशिक निर्देशनालयहरुमा सञ्चालित कार्यक्रममा प्रादेशिक निर्देशनालय विराटनगर अन्तर्गत दूरसञ्चार कार्यालय चन्द्रगढी, प्रादेशिक निर्देशनालय वीरगञ्ज अन्तर्गत दूरसञ्चार कार्यालय मलंगवा, प्रादेशिक निर्देशनालय भैरहवा अन्तर्गत दूरसञ्चार कार्यालय बुटवल, प्रादेशिक निर्देशनालय पोखरा अन्तर्गत दूरसञ्चार कार्यालय स्याङजा, प्रादेशिक निर्देशनालय सुर्खेत अन्तर्गत दूरसञ्चार कार्यालय दैलेख र प्रादेशिक निर्देशनालय अत्तरिया अन्तर्गत दूरसञ्चार कार्यालय अत्तरियाले उक्त सम्मान प्राप्त गरेका हुन् ।

यसै अवसरमा कम्पनीमा स्थायी नियुक्ति लिई अनवरत रुपमा बीस बर्ष सेवा प्रदान गरेका २०१ जना कर्मचारीलाई दीर्घसेवा पदकबाट विभूषित गरिएको थियो । कम्पनीको केन्द्रीय कार्यालय तथा प्रादेशिक र उप-प्रादेशिक निर्देशनालयहरुमा आयोजित वार्षिकोत्सव कार्यक्रममा सुन र चाँदीबाट बनेको पदक तथा प्रमाणपत्र प्रदान गरी उहाँहरुलाई सम्मान गरिएको थियो । त्यसैगरी एक महिनाको खाइपाइ आएको तलव सुविधा समेत प्रदान गरिएको थियो ।

(पृष्ठ १ को बाँकी)

## आ.व. २०८१/८२ को...

खर्चमा मितव्ययिता ल्याउन गर्नुपर्ने कार्यहरु समेत प्रस्तुत गर्नुभयो ।

उक्त कार्यक्रममा कम्पनीका विभिन्न विभाग तथा निर्देशनालय र आयोजनाका प्रमुखहरुले चालु आर्थिक वर्षको पहिलो छ महिनाको भौतिक तथा वित्तीय प्रगति विवरण प्रस्तुत गर्नुका साथै आगामी दिनमा सम्पन्न गर्नुपर्ने कार्यका सम्बन्धमा योजनाहरु प्रस्तुत गर्नुभएको थियो । साथै उहाँहरुले सञ्चालित मुख्य आयोजनाहरुका प्रगति विवरण, सेवा प्रवाहको स्थिति, प्रस्तावित लक्ष्य प्राप्तिका चुनौतीहरु, समाधानका लागि गरिएका प्रयासहरुका साथै केन्द्रीय विभागहरुसँगको अपेक्षा पनि प्रस्तुत गर्नुभयो ।

सञ्चालक सदस्य (कर्मचारी प्रतिनिधी) लोक बहादुर कटुवालले लक्ष्य आकर्षक देखिएको र त्यसलाई पूरा गर्नका लागि फाइबर विस्तारमा जोड दिन र आम्दानीमा गिरावट आउन नदिने गरी काम गर्न आवश्यक रहेको उल्लेख गर्नुभयो ।

कार्यक्रममा नेपाल टेलिकममा क्रियाशील तीनवटै युनियनका अध्यक्षहरुले समग्रमा नीति र कार्यक्रमहरु आकर्षक र महत्वाकांक्षी रहेको तर कार्यान्वयन पक्ष कमजोर होकि भन्ने आशंका व्यक्त गर्दै जिम्मेवारपूर्ण तवरले कार्य गर्न र कार्यसंस्कृतिमा देखिएको विचलनलाई बन्द गराउन समेत सुझाव पेश गर्नुभएको थियो ।


**सुझाव तथा प्रतिक्रिया पठाउने ठेगाना: नेपाल टेलिकम, प्र.व्या.अ.का., सूचना तथा प्रकाशन शाखा, दूरसञ्चार भवन, भद्रकाली प्लाजा**

E-mail: ntc.news@ntc.net.np **फोन: ४२१०३७८, मासिक रुपमा प्रकाशित हुने यो** Newsletter **कम्पनीको** website: www.ntc.net.np **मा पनि उपलब्ध छ ।**

**Published by : Nepal Telecom, Office of CCO, Information & Publication Section**
Co-ordinator : Hari Dhakal  Joint Co-ordinator : Navin Kumar Mishra

Editor : Santosh Khanal
Editorial Team : Meghanath Dhakal